# कोरोना भाइरससम्बन्धी बागमती प्रदेशको अवस्था

**मकवानपुर । ०७६ वैशाख ४ गते**

बागमती प्रदेश सरकारले कोरोना सङ्क्रमण रोकथाम, उपचार, राहत तथा पूर्व तयारीका लागि १३ ओटै जिल्लाका स्थानीय तहमा १३ करोड ६७ लाख रुपियाँ पठाएको छ ।

बागमती प्रदेश कोरोना सङ्क्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषमा जम्मा भएको रकममध्ये जिल्ला समन्वय समिति, महानगरपालिका, नगरपालिका र गाउँपालिकातहमा गठित विपद व्यवस्थापन कोषमा रकम पठाइएको हो ।

बागमती प्रदेश सरकारको मन्त्री परिषदको निर्णयले महानगरपालिकामा गठित विपद व्यवस्थापन समितिलाई २० लाख, उपमहानगरलाई १५ लाख, नगरपालिकालाई १२ लाख, गाउँपालिकालाई १० लाख र जिल्ला समन्वय समितिस्तरीय विपद् व्यवस्थापन समितिलाई ५ लाख रुपियाँ पठाउने निर्णय गरेको आन्तरिक मामिला तथा कानून मन्त्रालयकी लेखा अधिकृत रमा कार्कीले बताउनु भयो ।

बागमती प्रदेशमा तीन ओटा महानगरपालिका, एउटा उपमहानगरपालिका,४१ नगरपालिका, ७४ ओटा गाउँपालिका र १३ ओटा जिल्ला समन्वय समिति रहेका छन् ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबावु धितालका** अनुसार सिन्धुपाल्चोक जिल्लामा वैशाख ४ गतेसम्म २४ जनालाई क्वारेण्टाइनमा राखिएको छ । जिल्लाको १२ ओटै स्थानीय तहमा र्‍यापीड टेष्ट सुरू गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुर्गादत्त चापागाईंले बताउनु भयो ।

वैशाख ४ गते सम्ममा ५६ जनाको कोभिट १९ को स्वास्थ्य परीक्षण गरिएको र परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेलका** अनुसार दोलखा जिल्लामा २७ जनाको र्‍यापीड टेष्ट गरिएको छ । अन्य तीन जनाको स्वाब परीक्षणमा गरिएको छ । सबैको नतिजा नेगेटिभ आएको स्वास्थ्य कार्यालय दोलखाका प्रमुख विभुकुमार झाले बताउनु भयो ।

भारत तथा तेस्रो मुलुकबाट आएका दोलखाको भीमेश्वर नगरपालिकाका दुई जना र कालिञ्चोक गाँउपालिकाका २५ जनाको र्‍यापीड टेष्ट गरिएको छ । सबैको नतिजा नेगेटिभ आएको स्वास्थ्य कार्यालय दोलखाका प्रमुख झाले बताउनु भयो ।

कालिञ्चोक गाँउपालिका-२ बाबरेका भारतबाट आएका १४ जना र वडा-३ र ४ मा पर्ने लामिडाँडाका १० जना र एक जना तेस्रो मुलुकबाट आएका स्थानीयको पनि र्‍यापीड टेष्ट गरिएको कालिञ्चोक गाँउपालिकाका स्वास्थ्य संयोजक सुशील श्रेष्ठले बताउनु भयो ।

काठमाडौं पेप्सीकोला स्थित सनसिटी अर्पाटमेन्टमा बस्ने दोलखा तामाकोसी गाँउपालिकाका एक जना र उनीसँग सम्पर्कमा रहेका अन्य दुई जनाको किर्नेटार स्वास्थ्य केन्द्रमा स्वाव सङ्कलन गरी परीक्षणको लागि धुलिखेल अस्पताल पठाइएकोमा तीनै जनाको नतिजा नेगेटिभ आएको स्वास्थ्य कार्यालय प्रमुख झाले बताउनु भयो ।

लकडाउनकैबीच खुलेको दोलखा जिल्ला अदालतले तीन दिनको अवधिमा विभिन्न मुद्दामा थुनछेक आदेश भएको छ । अदालतबाट जबरजस्ती करणी मुद्दा, पशुपंक्षी कसुर र बहुविवाह सम्बन्धी मुद्दा लक गरी तीन दिनको अवधिमा चार ओटा थुनछेक आदेश जारी भएको दोलखा जिल्ला अदालतले जनाएको छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारीका** अनुसार लकडाउनका कार गोरखा धादिङ जोड्ने बुढी गण्डकीको पुलमा बार लगाएको कारण जोखिम मोलेर पुल पार गर्ने क्रममा पुलबाट खसेर एक जनाको ज्यान गएको छ । धादिङको ज्वालामुखी गाउँपालिका-५ स्थित बुङ्गकोटघाट धादिङ र गोरखा जोड्ने पुलमा लकडाउनपछि स्थानीय बासिन्दाले आवतजावत बन्द गर्नको लागि लगाइएको छेकबार पार गर्न खोज्दा ज्वालामुखी गाउँपालिका-५ बांझगराका ३८ वर्षीय होमबहादुर रानाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रमुख रबीन्द्र रेग्मीले जानकारी दिनुभयो । शव परीक्षणका लागि धादिङ अस्पताल ल्याईएको र थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रमुख प्रहरी उपरिक्षक रविन्द्र रेग्मीले जानकारी दिनुभयो । वैशाख ३ गते ज्वालामुखी-५ का स्थानीयले उक्त पुलमा

छेकबार लगाए पश्चात ज्वालामुखी मैदीका एकजना युवामा ऱ्यापीड टेष्टमा पोजेटिभ देखिएपछि गोरखावासीले पुनः वैशाख ४ गते काँडेतार हालेर आवागमन रोक्ने थप प्रयास गरेका थिए ।

कोरोना भाइरसको महामारी रोक्न सरकारले गरेको लकडाउनपछि घर हिँडेका मजदुरहरू धादिङ र चितवनको सिमाना मौवाखोलामा रोकिएका छन् । मजदुरीको लागि धादिङ जिल्लामा रहेकाहरू काम गर्न नपाइने र खानेकुरा सकिएपछि हिडेर घर जान लागेका थिए । घर जान लागेको बेला चितवन प्रहरीले धादिङको सिमाना क्षेत्रमा रोकेको हो । वैशाख ४ गते बिहानैदेखि मजदुर रोकिएपछि दिउँसोसम्म ३ सयभन्दा बढी मजदुर रोकिएको र उनीहरू खानेकुरा नपाएर दिनभर सो क्षेत्रमा भोकभोकै परेको स्थानीयवासी बिनोद शाहले जानकारी दिनुभयो ।

मजदुरहरू रोकिएपछि मौवाखोला बजारबासीले समेत प्रहरीलाई उनीहरूलाई हिडेर घर जान दिनका लागि आग्रह गरेका थिए । बजारवासीको आग्रह समेत अस्वीकार गरी प्रहरीले चितवन क्षेत्र प्रवेश गर्न नदिएपछि बजारवासी तथा मजदुरहरूको प्रहरीसँग झडप गरेको छ । घटनाले उग्ररुप लिने भएपछि धादिङका प्रमुख जिल्ला अधिकारी अस्मान तामाङ र चितवनका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराइबीच वार्ता भएको थियो । यद्यपि वैशाख ४ गते साँझसम्म मजदुरहरू बिचबाटो मै अलपत्र रहेका छन् ।

धादिङको विभिन्न इँटा उद्योग, विद्यालय निर्माणमा काम गर्ने र गाउँमा पूनः निर्माणका लागि आएका मजदुरहरू घरतर्फ जान लागेका थिए ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार वैशाख ४ गते लकडाउन उल्लङ्घन गरेको आरोपमा ३५ ओटा सवारी नियन्त्रणमा लिएको छ ।

यसैगरी ऱ्यापीड टेष्ट मार्फत भएको परीक्षणमा चितवनमा एक पुरुषमा कोरोना भाइरस पोजेटिभ देखिएकोमा पीसीआर जाँचमा नेगेटिभ आएको छ । रत्ननगर नगरपालिका-१४ स्थित गञ्जमान सिंह अस्पाताल ४७ वर्षीय पुरुषमा पोजेटिभ भेटिएको तर भरतपुरमा पीसीआर रिपोर्टमा नेगेटिभ आएको रत्ननगर नगरपालिका स्वास्थ्य शाखा प्रमुख माधवप्रसाद पौडेलले जानकारी दिनुभयो ।

वैशाख ४ गते भरतपुर महानगरपालिकाको विभिन्न स्थानमा ऱ्यापीड टेष्ट गरिएको छ । चितवनका स्थानीय तहहरू राहत वितरण कार्य वैशाख ४ गते पनि निरन्तरता दिए ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार रामेछापका विभिन्न स्थानीय तहहरूमा वैशाख ४ गतेसम्म ६९ जना शङ्काष्पद व्यक्तिहरू क्वारेण्टाइनमा रहेका छन् । वैशाख ३ गते साँझसम्म ३७ जनाको ऱ्यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जानकारी दिनुभयो ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार ललितपुर जिल्लाको सबै स्थानीय तहले लकडाउनलाई कडा गरेका छन् । लकडाउनको नियम उल्लङ्घन गरेको आरोपमा वैशाख ४ गते ३ सय ८६ जनालाई महानगरीय प्रहरी परिसरले कारबाही स्वरुप कोभिड-१९ को बारेमा २ घण्टे कक्षामा राखेर घर पठाएको छ ।

वैशाख ४ गते ललितपुर जिल्ला कोन्ज्योसोम गाउँपालिकाका १२ जना, महाँकाल गाउँपालिकाका १० जनामा ऱ्यापीड टेष्ट विधिबाट कोरोना परीक्षण गरिएकोमा सबैको नेगेटिभ रिपोर्ट आएको जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. खगेश्वर गेलालले जानकारी दिनुभयो ।

कोभिड-१९को शङ्का लागेका दुई जना बिरामीलाई वैशाख ४ गते आइसोलेशनमा भर्ना गरिएको छ भने यसअघि आइसोलेशनमा रहेका दुई जनालाई स्वास्थ्य सामान्य भएकोले डिस्चार्ज गरिएको छ ।

महाँकाल गाउँपालिकाले प्रत्येक वडाका मुख्य नाकाहरूमा स्वयम्सेवक परिचालन गरेको छ । पहाडी भूगोल र प्रहरीको जनशक्ति कम भएका कारण स्थानीय समुदायलाई नै स्वयम् सेवककारुपमा परिचालन गरिएको महाँकाल गाउँपालिकाका अध्यक्ष रामचन्द्र दाहालले जानकारी दिनुभयो । स्वयम्सेवकले अरु स्थानीय तह, वडा र जिल्लाबाट आउनेहरूलाई विशेष काम बाहेक जहाँबाट आएको हो उतै फर्काउने काम गरेको वडा ४ नं का अध्यक्ष शान्ताप्रसाद गौतमले बताउनु भयो ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार सिन्धुलीको तिनपाटन गाउँपालिकामा विदेशबाट आएका ५० जनाको र्‍यापीड टेष्ट मार्फत कोरोना जाँच गरिएको छ । स्वास्थ्य कार्यालय सिन्धुलीको नेतृत्वमा गएको विशेष टोलीले स्वास्थ्य परिक्षण गरेको हो । परिक्षणमा सबैको नतिजा नेगेटिभ आएको स्वास्थ्य कार्यालय प्रमुख जीतेन्द्र कुमार शाहले बताउनु भयो । उहाँका अनुसार हालसम्म सिन्धुलीमा १ सय ७३ जनाको र्‍यापीड टेष्टमार्फत कोरोना जाँच गरिएको हो । कमलामाई नगरपालिकाले वडा नं ११ र १२ मा गरी २ सय ११ परिवारलाई राहत वितरण गरेको छ ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारीका** अनुसार हेटौँडामा गरिएको कोरोना भाइरसको र्‍यापीड टेष्टमा चार जनाको रिपोर्ट पोजेटिभ आएको छ । र्‍यापीड टेष्टबाट कोरोना भाइरसको एन्टिबडी परीक्षण गर्दा हेटौँडामा चारजनामा पोजिटिभ रिपोर्ट आएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख प्रणय उपाध्यायले बताउनु भयो । हेटौँडा उपमहानगरपालिका-४ बासुदेव सभागृहमा ४० जनामा र्‍यापीड टेष्ट गर्दा एक महिला र तीन पुरुषमा रिपोर्ट पोजिटिभ आएको हो ।

उनीहरूमध्ये भारत बिहार घर भइ हाल हेटौँडा-४ आफन्तकोमा आएकी ५५ वर्षीय एक महिला, भारत गएर फर्किएका हेटौँडा-२ का ६७ वर्षीय पुरुष, भारत बैङ्लोरबाट फर्किएका हेटौँडा-५ का २४ वर्षीय एक पुरुष तथा साउदी अरबबाट फर्किएका ३२ वर्षीय अर्का एक पुरुष रहेका छन् । उनीहरूको स्वाब पीसीआर जाँचका सङ्कलन गरी हेटौंडा उपमनपा-१० स्थित किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रको ल्याबमा लगिएको छ । यसैगरी हेटौँडा उपमनपा-१५ मा गरिएको र्‍यापीड टेष्टमा भने सबैको नेगेटिभ पाइएको छ ।

मकवानपुर जिल्लामा पहिलो चरणको र्‍यापीड टेष्टमा विदेशबाट फर्किएकाहरू र जिल्लाको विभिन्न स्थानको क्वारेण्टाइनमा बसेकाहरूको परीक्षण गर्ने कार्य भइरहेको छ ।

हेटौँडा उपमहानगरपालिकाले दोश्रो चरण अन्तरगत वैशाख ४ गते ३ हजार ४ सय ९५ परिवारलाई राहत वितरण गरेको छ । पहिलो चरणमा उपमहानगरपालिकाकाले विभिन्न सङ्घसंस्थाको समन्वयमा ३ हजार १ सय १८ परिवारलाई राहत वितरण गरेको थियो ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार कोरोना भाइरसको सङ्क्रमण रोक्न वैशाख ४ गतेदेखि भक्तपुर प्रवेश गर्ने सवारी साधनमा किटाणु निर्मलीकरण गर्न सुरू गरिएको छ । भक्तपुर प्रवेश गर्ने मुख्य चार ओटा नाकाबाट छिर्ने सवारी साधनकमा किटाणु निर्मलिकरण सुरू गरिएको भक्तपुरका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले जानकारी दिनुभयो ।

भक्तपुर प्रवेश गर्ने प्रमुख नाकाहरू अरनिको राजमार्ग सडकअन्तर्गत काभ्रेको साँगा र काठमाडौँको जडिबुटी नाका, अरनिको राजमार्गकै बैकल्पिक सडक अन्तर्गत भक्तपुर-च्याम्हासिंह-नाला सडकको काभ्रेकै नाला तथा भक्तपुर-काठमाडौं पुरानो बाटोको पेप्सीकोला नाका भएर भक्तपुर प्रवेश गर्ने सवारीसाधनलाई प्रत्येक नाकामा डिसइन्फेक्सन गर्न सुरू गरिएको उहाँले जानकारी दिनुभयो ।

प्रत्येक नाकामा सम्बन्धित नगरपालिकाले डिसइन्फेक्सन गर्ने व्यवस्था गर्नेगरी भक्तपुर, मध्यपुरथिमि, चाँगुनारायण र सूर्यविनायक नगरपालिकाका प्रमुखसँग छलफल गरि निर्णय गरेको उहाँले जानकारी दिनुभयो । भक्तपुरमा व्यापक रुपमा लकडाउनको उल्लङ्घन भएपछि नगरपालिकाहरू कै समन्वयमा कडाई गर्न सुरू गरिएको छ ।

भक्तपुर अस्पताललाई बागमती प्रदेश सरकारले पठाएको र्‍यापीड टेष्ट किट सकिएको छ । केही दिन अघि ३ सय थान किट प्रदेशले पठाएको थियो । अहिलेसम्म भक्तपुरमा विदेशबाट फर्किएका २ सय ७४ र अन्य केहीको आरडीटी किटबाट परीक्षण गर्दा सबैको नतिजा नेगेटिभ आएको उहाँले जानकारी दिनुभयो ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**कै अनुसार काठमाडौँमा सरकारले आयोजना गरेको पत्रकार सम्मेलनमार्फत कोभिड-१९ (कोरोना भाइरस)को आशङ्कामा वैशाख ४ गतेसम्ममा पीसीआर र आरडीटीबाट १९ हजार ४ सय ३२ जनाको नमुना सङ्कलन गरी परीक्षण गरेको जनाएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वैशाख ४ गते गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले पीसीआरबाट ७ हजार २ सय ४० र र्‍यापीड टेष्ट किटबाट १२ हजार १ सय ९०

जनाको कोरोना भाइरसको आशङ्कामा नमुना सङ्कलन गरी परीक्षण गरिएको जानकारी दिनुभयो । वैशाख ४ गतेसम्म देशैभरका विभिन्न अस्पतालको आइसोलेशनमा १ सय ३ जना भर्ना भएर उपचाररत रहेका छन् । यस्तै देशैभरका क्वारेण्टाइनमा ४ हजार ९ सय एक जना रहेको मन्त्रालयले जनाएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कोरोना भाइरसको महामारीलाई ध्यानमा राख्दै चार आरोपितहरूलाई हिरासत मुक्त गरेको छ ।

दैनिक उपभोग्य वस्तुमा बढी मूल्य लिएर बिक्री गर्ने दुई पसललाई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले कारवाही गरेको छ । लकडाउनका अवधिमा खाद्य वस्तुमा मूल्य वृद्धि गरी बिक्री गरेकाले महाँकालस्थित डेली ग्रोसरी प्रालिलाई २ लाख रुपियाँ जरिवाना गराइएको विभागले जनाएको छ ।

यसैबीच वैशाख ३ गते साँझ महाराजगंजमा डाक्टरलाई कुटपिट भएको अभियोगमा महानगरीय प्रहरी वृत महाराजगंजका प्रमुख डिएसपी उमेश लम्सालललाई कारबाही स्वरुप महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरी तानिएको छ ।

ड्युटी सकेर घर फर्कने क्रममा त्रिवि शिक्षण अस्पताल र कान्ति बाल अस्पतालका डाक्टरहरू शम्भू खनाल, तेजप्रकाश साह र विकास साहलाई लकडाउन उल्लङ्घन गरेको भन्दै डिएसपी लम्सालसहितको प्रहरी टोलीले कुटपिट गरेको आरोपमा थप अनुसन्धान गर्न भन्दै डिएसपी लम्साललाई मेट्रो तानिएको महानगरीय प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरिक्षक श्याम ज्ञवालीले जानकारी दिनुभयो ।

घटनाको छानबिन गर्न एसएसपी किरण बज्राचार्यको नेतृत्वमा एसपी मुकेश सिंह र डिएसपी होबिन्द्र बोगटीको समिति बनाएर छानबिन सुरू गरेको छ । उक्त समितिले थप अनुसन्धान गरेपछि विभागीय कारबाहीसम्म हुने मेट्रोका डिआइजी विश्वराज पोखरेलले जानकारी दिनुभयो ।

नेपाल चिकित्सक सङ्घले बिरामीको उपचार गरेर निवासतर्फ गइरहेका स्वास्थ्यकर्मीमाथि हातपात गर्ने प्रहरीलाई कानुनी कारबाही गर्न माग गरेको छ । वैशाख ३ गते त्रिवि शिक्षण अस्पताल र कान्ति बाल अस्पतालबाट ड्युटी सकेर फर्किरहेको बेला प्रहरीले हातपात र लाठिचार्ज गरेको सङ्घले जनाएको छ ।

मानवीय सङ्कटका समयमा चिकित्सकहरूले आफ्नो ज्यानको बाजी लगाउँदै स्वास्थ्य सेवा प्रवाह गरी आफ्नो निवास फर्कने क्रममा परिचय पत्र देखाउँदा समेत प्रहरीबाट हातपात र लाठिचार्ज गर्ने अन्यन्तै अमानवीय क्रियाकपालप भएको भन्दै घटनाप्रति नेपाल चिकित्सक सङ्घको गम्भीर ध्यानकर्षण भएको जनाएको छ ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार कोभिड १९ कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि निर्माण गरेका क्वारेण्टाइन अपाङ्गमैत्री नभएको गुनासो आएको छ ।

जिल्लामा रहेका सात ओटा गाउँपालिका र ६ ओटा नगरपालिकामा निर्माण गरेका क्वारेण्टाइन कक्षहरू अपाङ्गमैत्री नभएको काभ्रे जिल्ला अपाङ्ग महासंघका अध्यक्ष शुरेस धितालले बताउनु भयो । कोरोना भाइरसबाट सुरक्षित रहन सरकारले घोषणा गरेको लकडाउनले समस्यामा परेका अपाङ्गता भएकाहरूलाई गाउँपालिकाले घरैमा पुगेर राहत वितारण गर्ने रोशि गाउँपालिकी उपाध्यक्ष लक्ष्मी बर्तौला  बताउनु भयो । बतौलाका अनुसार गाउँपालिकाले निर्माण गरेका क्वारेण्टाइन भने अपाङ्ग मैत्री छैनन् ।  नमोबुद्ध नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको लागी छिटै राहत कार्यक्रम ल्याउने तयारी तयारी गरिरहेको नगरपालिकाकी उपप्रमुख रामदेवी तामाङले बताउनु भयो । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ मा अपाङ्गता भएका व्यक्तिलाई सशस्त्र सङ्घर्ष, सङ्कटकाल वा विपद्परेको अवस्थामा प्राथमिकताका साथ सुरक्षा, उद्धार तथा संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटी र धुलिखेल अस्पतालले स्वास्थ्यकर्मी सहितको एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएका छन् । काभ्रेको दुई स्थानीय तह र सिन्धुपाल्चोकको तीन स्थानीय तहलाई लक्षित गरी स्वास्थ्य कर्मी सहितको 'ख' वर्गको एम्बुलेन्स सञ्चालनमा ल्याइएको हो । काभ्रेको ढुङ्खर्क र धुसेनी शिवालयका नागरिकले एम्बुलेन्स सेवा उपयोग गर्न पाउनेछन् । त्यस्तै सिन्धुपाल्चोक जिल्लाको मेलम्ची, जनबिरे र बाह्रबिसेका स्थानीयका लागि स्वास्थ्यकर्मी सहितको ख वर्गको एम्बुलेन्स व्यवस्था गरिएको धुलिखेल

अस्पतालले जनाएको छ । यी ५ ठाउँका स्थानीयले एम्बुलेन्स सेवाका लागि पैसा नलाग्ने फोन नम्बर १६६०११२२००० मा फोन गर्न सक्ने छन् । कोरोना भाइरस संक्रमितले एम्बुलेन्स सेवा निःशुल्क पाउने छन् ।

तेमाल गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने सबै नाकाहरू वैशाख ४ गतेबाट पूर्णरुपमा बन्द गर्ने औपचारिक घोषणा गरेको छ । गाउँपालिका प्रमुख सलाम सिं तामाङले स्थानीय तहभित्र प्रवेश गर्ने सबै नाका अर्को सूचना जारी नहुदाँसम्मका लागि पूर्णरुपमा बन्दको घोषणा गरेको बताउनु भयो ।

काभ्रेको नमोबुद्ध नगरपालिका-७ ले पसल खोल्न निर्धारण गरेको नियम पालना नगरे जरिवाना गर्ने भएको छ । वैशाख ४ गते व्यवसायी सहित वडामा भएको बैठकले नियम पालना नगर्ने व्यवसायीलाई पाँचदेखि १० हजारसम्म जरिवाना तथा शिलबन्दीसम्म गर्ने सक्ने निर्णय भएको वडाध्यक्ष धर्मसिंह लामाले जानकारी दिनुभयो ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार जिल्लामा वैशाख ४ गते बसेको क्राइसिस म्यानेजमेन्ट टिमको बैठकले थप स्वास्थ्य सामग्री व्यवस्था गरेको छ । बैठकले स्वास्थ्य संस्थाहरूमा आरडीटी किड १ सय थान, थार्मोमिटर, इसिजि मेसिन, ग्लोभ्स लगायत सामग्री उपलब्ध गराउने निर्णय गरेको छ ।

गोम्बा, मस्जिद, चर्च, मन्दिरमा आश्रय लिएर बसेकालाई नियन्त्रणमा लिएर आवश्यकता अनुसार क्वारेण्टाइनमा राख्ने, बन्दाबन्दी थप प्रभावकारी बनाउन बिना जानकारी गुड्ने सवारी साधन तथा पैदलयात्रीलाइ पनि पूर्ण रुपमा नियन्त्रणमा लिने, दुई महिना अघिदेखि आएकालाई र्‍यापीड टेष्ट गर्ने समेत बैठकमा निर्णय भएको छ ।

जिल्ला भरमा वैशाख ४ गते १ सय ५६ जनाको स्क्रिनिङ गरिएको छ । जसमध्ये २३ जनाको र्‍यापीड टेष्ट परीक्षण गरिएकोमा सबैको नेगोटिभ देखिएको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत किरण श्रेष्ठले बताउनु भयो । वैशाख ४ गते काठमाडौंबाट आएका आठ जनालाई गोसाइकुण्ड गाउँपालिकाको स्याफ्रुबेशीमा क्वारेण्टाइनमा राखिएको छ । आमाछोदिङमो गाउँपालिकामा रहेको क्वारेण्टाइनमा तीन जना रहेका छन् ।

बेत्रावती-मैलुङ्ग -रसुवागढीनाका सडकको उत्तरगया गाउँपालिका-५ को खाल्टेमा २४ घण्टा खुल्ला रहने थप एक क्वारेण्टाइन खोलिएको छ । त्यहाँ अत्यावश्यक सामग्री ल्याउने गाडी रोकेर परीक्षण गरी २४ घण्टा राखेर मात्र छाड्ने गरिएको छ । यहाँ निरन्तर जाँच गरिन्छ ।

जिल्लामा २९ स्वास्थ्य संस्था हेल्थ डेक्स ९ ओटा, २ सय १० बेड क्वारेण्टाइन, ३५ बेड आईसोलेसन तयार भएको छ ।  गाउँगाउँमा रहेका सामुदायिक स्वास्थ्य इकाई, स्वास्थ्यचौकी, अस्पताल सहित ५५ स्थानबाट सेवा प्रबाह भएको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत किरण श्रेष्ठले बताउनु भयो । जिवजिवे ग्रामीण अस्पताल सहित दई ओटा अस्पताल, नौ ओटा हेल्थ डेक्स, २९ स्वास्थ्य संस्था, आठ ओटा क्वारेण्टाइनबाट ५ ओटै गाउँपालिकाले कोरोना रोकथाम तथा नियन्त्रणका लागि सक्रियताका साथ जनप्रतिनिधिहरूको समेत सहयोगमा काम गरिरहेका छन् । व्यक्तिगत सुरक्षा सामग्री, सर्जिकल माक्स, ह्याण्ड सेनिटाइजर लगायतका सामग्री कतिपय गाउँपालिकाले खरिद गरेको र नपुग सामग्री चीन सरकारबाट प्राप्त जिल्ला विपद व्यवस्थापन समितिले प्रदान गरेपछि अहिले जिल्लाका सबै स्वास्थ्य संस्थामा पुगेका छन् ।

**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौंडा**